
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ९ गते मंगलबार ❑ 25 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## धार्मिक पर्यटनबाट विकास सम्भव : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले धार्मिकस्थललाई पर्यटनसँग जोडेर विकास गर्नुपर्ने बताउनुभएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित मुक्तिनाथ च्यवनधाममा सोमबारदेखि सुरु भएको बोलबम धार्मिक महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले धार्मिकस्थललाई पर्यटनसँग जोड्न सकिए विकास सम्भव रहेको उल्लेख गर्नुभयो ।

गण्डकी प्रदेश धार्मिक पर्यटनमा धनी रहेकाले धार्मिक पर्यटनको विकासका लागि प्रदेश सरकारले सहयोग गर्ने उहाँको भनाइ छ । मुक्तिनाथ च्वयनधाम पछिल्लो समय धार्मिक पर्यटकीयस्थलका रूपमा विकास भइरहेकाले यसको आवश्यक पूर्वाधार विकासका लागि सरकार सकारात्मक रहेको मुख्यमन्त्री पाण्डेले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "गण्डकी प्रदेश पर्यटनमा धनी छ, धार्मिक पर्यटनमा गण्डकी प्रदेशमा प्रशस्त सम्भावना छ । यसतर्फ सरकारको ध्यान गएको छ ।" च्वयनधाम र गौसंरक्षण केन्द्र सञ्चालनार्थ आर्थिक सङ्कलन गर्ने उद्देश्यसहित



च्यवनधाममा बोलबम महोत्सव आयोजना गरिएको हो । साउन १५ गतेसम्म हुने उक्त महोत्सवमा भागवत् मञ्जरी राधिका दासीजीले कथा वाचन गर्नुहुनेछ । महोत्सव मूल समारोह समितिका संयोजक विमलप्रसाद रिमालका अनुसार महोत्सवका क्रममा भक्तजन तथा दानवीरबाट सङ्कलित रकम च्यवनधाम र गौ संरक्षण केन्द्रको विकासमा खर्च गरिनेछ । उहाँका अनुसार महोत्सवबाट रु एक करोड सङ्कलन गर्ने लक्ष्य छ । च्यवनधामले प्रत्येक वर्ष साउन महिनामा शिव महिमा तथा बोलबम धार्मिक महोत्सव गर्दै आएको छ । च्यवनधाम पछिल्लो समय धार्मिक पर्यटकीयस्थलका रूपमा विकास भइरहेको छ । यहाँ शिव मन्दिरका साथै मुक्तिनाथकै झल्को दिने एक सय आठ धारा, एक सय आठ ओमकार कल्पवृक्ष, एक सय आठ शिवलिङ्ग, मोक्षकुण्ड, वृद्धाश्रम, पार्कलगायतका संरचना बनाइएको छ । बौद्ध धर्मावलम्बीलाई लक्षित गर्दै बौद्ध गुम्बा पनि च्यवनधाम परिसरमा छ । बौद्ध धर्मावलम्बीको जागरूकतालाई सम्मान गर्दै गुम्बा पनि बनाएको च्यवनधाम समितिका अध्यक्ष होमनाथ लम्सालले बताउनुभयो । मन्दिर क्षेत्रमा एक दशकको अवधिमा रु तीन करोडभन्दा बढी पूर्वाधार निर्माणमा लगानी गरिएको छ । उक्त रकम दान सङ्कलनसँगै सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि उपलब्ध गराएका छन् । मन्दिरमा अझै पनि पूर्वाधार थप गर्ने योजना छ । त्यसका लागि तीन तहका सरकारसँग सहयोग मागिने बताइएका छ । अब धाम परिसरमा बृहत् योजनाअनुसार विकास गर्ने मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लम्सालले जानकारी दिनुभयो ।

गुम्बाको तलपट्टि मिनी चिडियाखाना बनाउने योजना बनाइएको छ । गण्डकीको तीरको ढिस्कोको माथिपट्टि हनुमानको मूर्ति र त्यसको तलपट्टि शनि देवताको मूर्ति बनाउने योजना छ । च्यवनधाममा नयाँ वर्ष, साउने सोमबार, कृष्णअष्टमी, बाला चतुदर्शी र शिवरात्रिमा भक्तजनको बढी घुइँचो लाग्छ । प्रत्येक वर्षको साउन महिनामा शिवपुराण लगाउने गरिएको छ । लम्सालका अनुसार साउनमा प्रत्येक सोमबार र शिवरात्रि पर्वको बेला यहाँ दैनिक पाँच हजारभन्दा बढी भक्तजन भेला हुन्छन् । च्यवनधाममा रहेको शुक्लेश्वर महादेवको मन्दिरमा पूजाअर्चना गरेपछि सन्तान नभएकालाई सन्तान प्राप्ति हुने जनविश्वास रहेको छ ।

## गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय योजना : रोजगार वृद्धिलाई प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयारी सुरु गरेको छ । आवधिक योजनाको अवधारणापत्र तर्जुमाका लागि सुझाव सङ्कलनको काम भइरहेको आयोगले जनाएको छ ।

"पहिलो पञ्चवर्षीय योजनाको समीक्षा गर्दै दोस्रो योजना निर्माणको तयारीमा जुटेका छौँ", आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले भन्नुभयो, "पहिलो चरणमा केही स्थानीय तहका प्रमुखसँग छलफल गरिएको छ, प्रदेशका ११ वटै जिल्लामा पुगेर योजनाबारे सुझाव लिन्छौँ ।" आयोगले प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, प्रदेश सरकारका मन्त्री, सचिव, विषय विज्ञलगायत सरोकार भएका पक्षसँग छलफल गरेर सुझाव लिने उहाँले बताउनुभयो । यसै वर्ष दोस्रो आवधिक योजना निर्माण भई आउँदो आव २०८१/०८२ बाट कार्यान्वयनमा जानेछ । आव २०७६/०७७ बाट कार्यान्वयनमा आएको पहिलो योजनाको अन्तिम वर्ष भर्खर सुरु भएको छ । आयोगका उपाध्यक्ष डा देवकोटाले यथार्थपरक, व्यवहारिक र कार्यान्वयनयोग्य योजना निर्माण गरिने उल्लेख गर्नुभयो । "यथार्थपरक र प्रदेश सुहाउँदो आवधिक योजना बन्छ, सबै पक्षसँग व्यापक छलफल र अन्तर्क्रिया गरेर योजनाको मस्यौदा तयार गर्छौं", उहाँले भन्नुभयो । पहिलो योजनामा लक्ष्य हासिल भएका योजनालाई सवलीकरण गर्दै जाने र अपूरा लक्ष्य पूरा गर्ने गरी दोस्रो योजना बनाइने आयोगले जनाएको छ । पर्यटन, कृषि, प्राकृतिक स्रोतसाधनको उपयोग, गुणस्तरीय शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, रोजगार वृद्धि, विद्युतीय सेवा प्रवाहजस्ता विषयलाई दोस्रो आवधिक योजनामा प्राथमिकता दिइने भएको छ । प्रदेश सरकारको 'आत्मनिर्भर तथा समुन्नत प्रदेश : सम्मानित प्रदेशवासी'को रणनीतिक लक्ष्यलाई टेवा पुग्ने गरी आवधिक योजनाको खाका कोरिने आयोगका उपाध्यक्ष डा देवकोटाले बताउनभयो । समृद्ध प्रदेशको आधारशिला तयार गर्ने उद्देश्यसहित प्रदेशको पहिलो पञ्चवर्षीय योजना बनेको थियो । पहिलोयोजनालेसमाजवादोन्मुख, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र, दिगो ऊर्जा सुरक्षा, कृषिको आधुनिकीकरण, कृषि प्रशोधन तथा खनिज उत्खनन, उद्योगधन्दा स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षा, पर्यटनलगायतका विषयलाई समेटेको थियो । पहिलो योजनाले विसं २१०० सम्ममा 'समृद्ध प्रदेश, सुखी नागरिक' बनाउने दीर्घकालीन सोच लिएको छ । दीर्घकालीन लक्ष्यमा उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश बनाउने विषय उल्लेख छ । अठार वटा रणनीति अवलम्बन, सात वटा समृद्धिका सम्वाहक, पाँच वटा सहयोगी क्षेत्र पहिचान, ११ प्रतिशतसम्मको आर्थिक वृद्धि, गरिबीको अन्त्य, प्रदेशवासीको औषत आयु ८२ वर्ष पुऱ्याउनेलगायत प्रदेशको दीर्घकालीन लक्ष्यमा समेटिएका छन् । नवलपुरको हुप्सीकोट गाउँपालिकाका अध्यक्ष एवं गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष लक्ष्मी पाण्डेले प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले दिगो विकासको आधार तय गर्नुपर्ने बताउनुभयो । उहाँले योजना तुर्जमामा तीनै तहका सरकारबीच समन्वय र सहकार्य हुनुपर्ने उल्लेख गर्नुभयो ।

"योजना बनाउँदा नागरिकलाई प्रत्यक्ष छुने र लाभ मिल्ने गरी बनाउनुपर्छ, आवधिक योजना बौद्धिक दस्तावेज जस्तो नभई कार्यान्वयनयोग्य हुनुपर्छ", उहाँले भन्नुभयो, "प्राकृतिक स्रोतको संरक्षण तथा उपयोग र वातावरण संरक्षण जस्ता मुद्दालाई पनि योजनामा समावेश गर्नुपर्छ ।" पोखरा महानगरको सहरी योजना आयोगका उपाध्यक्ष प्रेम लामिछानेले प्रदेश र समग्र नेपालको अर्थव्यवस्था कस्तो हुने भन्ने विषयलाई आवधिक योजनाले दिशानिर्देश गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले चालु खर्च बढ्दै जानु र पुँजीगत बजेट न्यून हुँदा विकास निर्माणमा असर पुगेको बताउनुभयो ।

सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले दिएका साझा तथा एकल अधिकारको प्रयोगका लागि कानुनी र संरचनागत प्रबन्ध नहुँदा सङ्घीयता कार्यान्वयनमा चुनौती थपिएको उपाध्यक्ष लामिछानेको भनाइ थियो । उहाँले सङ्कटका बेलामा पनि विकास निर्माणका गतिविधि प्रभावित हुन नदिन राज्यका संयन्त्रले स्रोतसाधन र व्यवस्थापकीय क्षमताको विकास गर्नुपर्ने बताउनुभयो ।

## औषधी पसल अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

जिल्ला प्रशासन कार्यालय कास्कीले सोमबार पोखराका पाँचवटा औषधी पसल अनुगमन गरेको छ ।

प्रशासकीय अधिकृत दीपक रेग्मी नेतृत्वको टोलीले पोखराको पृथ्वीचोकस्थित दुईवटा र महेन्द्रपुलस्थित तीनवटा औषधी पसल अनुगमन गरेको हो । टोलीमा सरोकारवाला



निकायकाप्रतिनिधि,सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

अनुगमनका क्रममा कतिपयमा सम्बन्धित जिम्मेवार व्यक्ति बाहेक अन्यले औषधी विक्री वितरण गर्ने गरेको, सरसफाईमा ध्यान नदिइएको, नविकरण नगरेका जस्ता कमजोरीहरू पाइएको प्रशासकीय अधिकृत रेग्मीले जानकारी दिनुभयो । अनुगमन टोलीले औषधीको मूल्य सूची, म्याद नाघेका औषधीको व्यवस्थापन लगायतमा जानकारी लिएको थियो ।

जिल्ला प्रशासन कार्यालय कास्कीले समय समयमा जनसरोकारका विषय र क्षेत्रमा अनुगमन गर्दै आएको छ ।

## पृथ्वीचोकदेखि सेतीपुलसम्मको सडकमा पार्किङ गर्न रोक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

पर्यटकीय सहर पोखरामा आधुनिक र सुविधासम्पन्न बसपार्क निर्माणका लागि विसं २०३२ मा २०५ रोपनी क्षेत्रफल जमिन अधिग्रहण गरिएको थियो ।

पोखरा-९ पृथ्वीचोकमा बसपार्कका लागि छुट्टाइएको स्थानमा पाँच दशक पुग्न लाग्दासमेत हालसम्म बसपार्कका पूर्वाधार बन्न सकेका छैनन् तर बसपार्क बनाउन छुट्टाइएको जमिन बर्सेनि अतिक्रमणमा परेको छ । बसपार्कभित्र पूर्वाधार नबन्दा लामो तथा बजार क्षेत्रभित्र चल्ने सबै बस बसपार्क अगाडिको सडकबाट गन्तव्यका लागि छुट्ने गरेकामा अबदेखि सबै बसले आफ्नो सेवा बसपार्कबाट नै दिनुपर्ने भएको छ । अहिले बसपार्कभित्रको जमिनमा खाल्डाखुल्डी पुरेर समथर बनाइएको छ ।

सडक पेटीमै बस पार्किङ गरेर यात्रु चढाउँदा र झार्ने गर्दा मुख्य बजार क्षेत्र अस्तव्यस्त भएपछि पोखरा महानगरपालिकाले आइतबारदेखि सडकमा पार्किङ हटाएको थियो । पार्किङ हटाएपछि सोमबारदेखि लागू हुने गरी पोखरा प्रवेश गर्ने तथा पोखराबाट बाहिरिने सम्पूर्ण बस सेवा बसपार्कभित्रबाटै सञ्चालन गर्ने निर्णय गरिएको छ । महानगरपालिकाले पोखरा बसपार्क क्षेत्रमा पर्ने पृथ्वीचोकदेखि सेतीपुल (चाइनापुल)सम्मको सडकमा पार्किङ गर्न रोक लगाएको हो । जिल्ला सुरक्षा समिति कास्की र पोखरा महानगरको समन्वयात्मक बैठकले सो निर्णय गरेको हो । दुई दिनभन्दा बढी बसपार्कमा होल्ड भई बस्ने सवारी साधनलाई महानगरको प्रशासनिक भवन निर्माणस्थल ड्यामसाइडमा व्यवस्थापन गरिएको महानगरले जनाएको छ । राजमार्गसँगै बसपार्क जोडिएकाले सडकमा पार्किङ गर्दा सवारी आवागमनमा असर पर्नुका साथै बाहिरबाट आएका पर्यटकले बसपार्क अव्यवस्थित र कुरुप देखिँदा पोखराको सुन्दरतामाथिनै प्रश्न उठेपछि बसपार्क वरपरको सडकमा पार्किङ हटाइएको हो ।

सडक छेउमा हुने पार्किङका कारण सवारीको आवागमनमा असहजतासहित दुर्घटनाको समेत जोखिम बढेपछि अनधिकृत पार्किङ हटाइएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार लामो तथा छोटो दूरीका सबै बस अबदेखि बसपार्कभित्रबाट छुट्ने व्यवस्था गरिएको छ । उहाँले भन्नुभयो, "पृथ्वीचोकबाट छुट्ने छोटो तथा लामो लामो दूरीका बस बसपार्कबाट नै छुट्ने छुटाउने व्यस्थापन गरिएको छ । महानगरले यातायात व्यवसायीसँग समन्वय गरेको छ ।" महानगरपालिका, ट्राफिक प्रहरी, स्थानीयवासी र व्यवसायीसमेतको सहयोगमा सडकको पार्किङ हटाइएको महानगरका प्रवक्ता मोती तिमिल्सिनाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "लाइनमा बस्ने लामो दूरीका बसलाई मात्रै सडकमा राख्न दिएका छौँ । अन्य सबै सवारीलाई पार्किङ नगर्न सूचित गर्ने, सूचना बोर्ड राख्नेलगायतका काम गरेका छौँ । सडकबाट पार्किङ हटाउने अहिलेको निर्णय पहिलेको जस्तो फिर्ता हुँदैन ।"

सुपथ मूल्यमा आकर्षक छपाई



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद
पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेकपा एमाले गण्डकी प्रदेश कमिटीको अर्न्तक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

ने क पा (एमाले) गण्डकी प्रदेश कमिटीले कास्की जिल्ला बाट प्रतिनिधित्व गर्ने प्रदेश सचिबालय सदस्य तथा सदस्यहरू संग अर्न्तक्रिया बैठक सम्पन्न गरेको छ।

बैठकमा नेकपा (एमाले) का सचिब एवम गण्डकी प्रदेश कमिटीका इन्चार्ज गोकर्ण बिष्टले नयाँ चुनौती र जिम्मेवारीलाई सामना गर्न यथार्थमा मैदानमा उत्रनु पर्ने भन्दै परिणाम निस्कने गरि पार्टी काममा लाग्न सबै प्रदेश कमिटीका सदस्यहरूलाइ आग्रह गरे।

पूर्वमन्त्री समेत रहेका सचिब बिष्टले एमाले सरकारका योजना र प्रदेश तथा स्थानिय तहका जनप्रतिनिधिहरूले गरेका कामको प्रभाबकारी प्रचार र सबै नेता कार्यकर्ताहरूको अनुसासित र इमान्दार व्यवहार अति आबश्यक भेको उल्लेख गरे। संगठनात्मक अराजकता र स्वेच्छाचारीताले पार्टी सबल हुन



नसक्ने जिकिर गर्दै बिष्टले नेतृत्व देखि कार्यकर्ता सम्म त्यसको अन्त्य अबको पहिलो शर्त हुने बताए।

अवशरका लागि मात्रै पार्टी खोज्ने प्रवृत्ति घातक भएको हुँदा निहित ब्यक्तिगत स्वार्थ केन्द्रीत हुने गरि काम नगरी देश र जनताको हितमा मात्रै केन्द्रित हुन आफ्नो पार्टीका निर्बाचित जन प्रतिनिधिहरूलाइ आग्रह गरे। उनले पार्टी प्रणालीमा चल्ने हुदा विधि र प्रक्रियाबाटै अनुशासन स्थापित गर्ने उद्घोष गरे। कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य खगराज अधिकारीले अब नेतृत्व होस वा कार्यकर्ता सच्चिनुको बिकल्प नभएको उल्लेख गरे।

अधिकारीले काग्रेस र माओबादिले सिद्धान्त छोडेको र नयाँ उदाएको भनिएका पार्टीहरूको कुनै कार्यनीति र सिद्धान्त नभएको कुरा स्पस्ट जनतालाइ बुझाउन आग्रह गरे। उनले पार्टीका बिरूद्द भएका अनर्गल प्रचारलाई परास्त गर्न प्रतिबाद नै आबश्यक भएको जिकिर गर्दै एक माना एकताका साथ सो कार्यमा लाग्न आग्रह गरे। पार्टी प्रदेश कमिटीका उप सचिब एबम प्रचार तथा प्रकाशन बिभाग प्रमुख रश्मि आचार्यले कमिकमजोरीहरूबाट सिक्दै पार्टीको शाख उचो गर्ने गरि अझै घनिभुत तबरले लागि पर्ने उल्लेख गरे। उप-सचिब आचार्यले पार्टी सबै प्रकारका क्षमताहरूको मिश्रण भएको हुदा सबै सदस्यको क्षमता र क्षेत्रको आधारमा जिम्मेवारी निर्धारण गरिने भन्दै कामले नै सबैको स्थान निर्धारण गर्ने हुँदा कार्यक्षेत्रमा सबल तरिकाले लागि पर्न आग्रह गरे।

कार्यक्रममा गण्डकी प्रदेश कमिटीमा कास्कीबाट प्रतिनिधित्व गर्ने सचिबालय सदस्य एबम सदस्यहरू पुण्य पौडेल, आनन्द सुवेदी, लक्ष्मी अधिकारी, भुपेन्द्र गिरि, कालिदाश सुवेदी, पूर्ण गिरि, प्रभा कोइराला, शोभा मोहन पौडेल, चतुरे बि.क., ईश्वर आचार्य, बिधा बिमल बराल, पार्बती जि.सि., भिम प्रसाद बास्तोला लगाएतले पार्टिको बर्तमान अबस्था र भाबी कार्यदिशाका सन्दर्भमा आ-आफ्नो सुझाब प्रस्तुत गरेको सो पार्टीको गण्डकी प्रदेश कमिटी प्रचार बिभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिए।

# पृथ्वीचोकदेखि सेतीपुलसम्मको सडकमा पार्किङ गर्न रोक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

पर्यटकीय सहर पोखरामा आधुनिक र सुविधासम्पन्न बसपार्क निर्माणका लागि विसं २०३२ मा २०५ रोपनी क्षेत्रफल जमिन अधिग्रहण गरिएको थियो।

पोखरा-९ पृथ्वीचोकमा बसपार्कका लागि छुट्टाइएको स्थानमा पाँच दशक पुग्न लाग्दासमेत हालसम्म बसपार्कका पूर्वाधार बन्न सकेका छैनन् तर बसपार्क बनाउन छुट्टाइएको जमिन बर्सेनि अतिक्रमणमा परेको छ। बसपार्कभित्र पूर्वाधार नबन्दा लामो तथा बजार क्षेत्रभित्र चल्ने सबै बस बसपार्क अगाडिको सडकबाट गन्तव्यका लागि छुट्ने गरेकामा अबदेखि सबै बसले आफ्नो सेवा बसपार्कबाट नै दिनुपर्ने भएको छ। अहिले बसपार्कभित्रको जमिनमा खाल्डाखुल्डी पुरेर समथर बनाइएको छ।

सडक पेटीमै बस पार्किङ गरेर यात्रु चढाउँदा र झार्ने गर्दा मुख्य बजार क्षेत्र अस्तव्यस्त भएपछि पोखरा महानगरपालिकाले आइतबारदेखि सडकमा पार्किङ हटाएको थियो। पार्किङ हटाएपछि सोमबारदेखि लागू हुने गरी पोखरा प्रवेश गर्ने तथा पोखराबाट बाहिरिने सम्पूर्ण बस सेवा बसपार्कभित्रबाटै सञ्चालन गर्ने निर्णय गरिएको छ। महानगरपालिकाले पोखरा बसपार्क क्षेत्रमा पर्ने पृथ्वीचोकदेखि सेतीपुल (चाइनापुल)सम्मको सडकमा पार्किङ गर्न रोक लगाएको हो।

जिल्ला सुरक्षा समिति कास्की र पोखरा महानगरको समन्वयात्मक बैठकले सो निर्णय गरेको हो। दुई दिनभन्दा बढी बसपार्कमा होल्ड भई बस्ने सवारी साधनलाई महानगरको प्रशासनिक भवन निर्माणस्थल ड्यामसाइडमा व्यवस्थापन गरिएको महानगरले जनाएको छ। राजमार्गसँगै बसपार्क जोडिएकाले सडकमा पार्किङ गर्दा सवारी आवागमनमा असर पर्नुका साथै बाहिरबाट आएका पर्यटकले बसपार्क अव्यवस्थित र कुरुप देखिँदा पोखराको सुन्दरतामाथिनै प्रश्न उठेपछि बसपार्क वरपरको सडकमा पार्किङ हटाइएको हो। सडक छेउमा हुने पार्किङका कारण सवारीको आवागमनमा असहजतासहित दुर्घटनाको समेत जोखिम बढेपछि अनधिकृत पार्किङ हटाइएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो। उहाँका अनुसार लामो तथा छोटो दूरीका सबै बस अबदेखि बसपार्कभित्रबाट छुट्ने व्यवस्था गरिएको छ। उहाँले भन्नुभयो, "पृथ्वीचोकबाट छुट्ने छोटो तथा लामो लामो दूरीका बस बसपार्कबाट नै छुट्ने छुटाउने व्यस्थापन गरिएको छ।

महानगरले यातायात व्यवसायीसँग समन्वय गरेको छ।" महानगरपालिका, ट्राफिक प्रहरी, स्थानीयवासी र व्यवसायीसमेतको सहयोगमा सडकको पार्किङ हटाइएको महानगरका प्रवक्ता मोती तिमिल्सिनाले बताउनुभयो।

उहाँले भन्नुभयो, "लाइनमा बस्ने लामो दूरीका बसलाई मात्रै सडकमा राख्न दिएका छौं। अन्य सबै सवारीलाई पार्किङ नगर्न सूचित गर्ने, सूचना बोर्ड राख्नेलगायतका काम गरेका छौं। सडकबाट पार्किङ हटाउने अहिलेको निर्णय पहिलेको जस्तो फिर्ता हुँदैन।"

# पोखरामा 'दुई नाटक' मञ्चन हुने, रिहर्सल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

पछिल्लो समयमा विद्यार्थीको रुचि नाट्य क्षेत्रमा बढ्न थालेको छ। नाटक मार्फत शैक्षिक तथा व्यवहारिक ज्ञान रमाइलो तरिकाले जान्न पाउँदा उनीहरुको रुचि यसतर्फ बढ्न थालेको हो।

यही क्रममा विद्यार्थीलाई लक्षित गरेर पोखरामा नाटक मञ्चन हुने भएको छ। कक्षा ८ को नेपाली विषयमा समावेश 'अमरपुत्र' कथा र कक्षा १० को अनिवार्य नेपाली विषयमा समावेश 'घरको माया' एकांकीलाई नाट्य रुपान्तरण गरेर 'दुई नाटक' शिर्षकमा नाटक मञ्चन गर्न लागिएको हो। पोखरा थिएटरको प्रस्तुतीमा यहीं साउन १४ गते आइतबारबाट गन्धर्व नाटकघरमा यो नाटक मञ्चन हुनेछ। नाटक मञ्चनको लागि रिहर्सल सुरु भएको पोखरा थिएटरले जनाएको छ। भीमनिधि तिवारीले लेखेको कथा र एकांकीलाई परिवर्तनको परिकल्पना र निर्देशनमा यो नाटक तयार गरिदैछ। निर्देशक परिवर्तनले पछिल्लो समयमा विद्यार्थीको आर्कषण नाट्य क्षेत्रमा बढ्न थालेकोले उनीहरुलाई लक्षित गरेर नाटक मञ्चन गर्न लागिएको बताए। यो नाटकले विद्यार्थीलाई उनीहरुको स्थानिय संस्कृतिसँग जोड्ने



मात्र नभएर समाज र इतिहासमा कलाको प्रभावबारे सिकाउने उनको भनाइ छ। 'यो नाटकले विद्यार्थीको लागि व्यवहारिक दृष्टिकोण प्रदान गर्नेछ, उनीहरुमा विषयवस्तु तथा सन्देशहरुको विश्लेषण र व्याख्या गर्ने क्षमता बढाउनेछ' पोखरा थिएटरका अध्यक्ष समेत रहेका निर्देशक परिवर्तनले भने।

नाटकमा कुसुम आचार्य शर्मा, कृष्टिना अर्याल, अमृत परियार, रोहित पौडेल, धनकाजी श्रेष्ठ, मिलन श्रेष्ठ, जनक पराजुली र रोशनी रामदामको अभिनय हेर्न पाइनेछ। उनीहरु यतिबेला आफ्नो भुमिकालाई आर्कषक बनाउन रिहर्सलमा व्यस्त छन्। नाटकलाई सुन्दर बनाउन रमेश बाबु तिमल्सिनाले प्रकाश परिकल्पना, रञ्जु दाहालले ध्वनि परिचालन, सुसन पौडेलले प्रकाश परिचालन, दिप्सना विश्वकर्माले कस्टुम म्यानेजर, सोनिया कार्की खत्रीले आर्टिष्ट म्यानेजरको रुपमा सघाउनेछन्। यसैगरी पोष्टर तथा स्केचमा अमृत परियार र मनोज तामाङ्ग, डिजाइनमा दयाराज ढुंगाना, मञ्च व्यवस्थापकमा रोशनी रामदाम, बजार व्यवस्थापकमा प्रकाश पराजुली, मञ्च निर्माणमा धनकाजी श्रेष्ठ, रोहित पौडेल, अमृत परियार र मिलन श्रेष्ठ तथा बक्स अफिसमा रहेर शुभेक्छा शर्माले साथ दिनेछन्। एक घण्टा अवधिको यो नाटक मुख्य रुपमा बुकिङ सो मार्फत मञ्चन गर्ने थिएटरको तयारी छ। यसका अलावा पब्लिक सो मार्फत समेत दर्शकले नाटक हेर्न पाउने पोखरा थिएटरले जनाएको छ।

# नेपाली भाषाको श्रीबृद्धिमा योगदान दिने तिमिल्सिनालाई मदरल्याण्डको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ साउन

नेपाली भाषाको श्रीबृद्धिमा योगदान दिएका गंगाधर तिमिल्सिना पोखरामा सोमबार सम्मानित भएका छन्।

लामो समयसम्म शिक्षण पेशामा रहि नेपाली भाषा शिक्षण मार्फत विद्यार्थीहरुमा नेपाली विषयका भाषिक ज्ञानलाई प्रभावकारी बनाउन महत्वपूर्ण योगदान दिएको भन्दै पोखराकोमदरल्याण्डमाध्यामिक विद्यालयले तिमिल्सिनालाई सम्मान गरेको हो।

शिक्षण पेशाबाट निवृत्त भए पछि पनि तिमिल्सिनाले लेखन कार्य मार्फत नेपाली भाषाको गरिमा प्रर्बद्धनका लागि पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै, विद्यालयले नगद १० हजार १ सय ११ रुपैयाँ र सम्मानपत्रले तिमिल्सिनालाई सम्मान गरेको हो।

बरिष्ठ साहित्यकार सरुभक्त, साहित्यकार सरस्वती श्रेष्ठ, मदरल्याण्ड माध्यामिक विद्यालयका निर्देशक डा त्रिभुवन शर्मा, प्राचार्य नारायण बराल लगायतले तिमिल्सिनालाई माला, दोसल्ला ओढाएर सम्मान गरेका हुन्।

बिक्रम संबत १९९९ सालको पौषमा पोखरा महानगरपालिका वडा नं. २३ चैनपुरमा जन्मनु भएका तिमिल्सिना चार



दशक शिक्षण पेशामा रहि महत्वपूर्ण योगदान दिनु भएको थियो। उहाँले २१ वर्ष पोखरा महानगरपालिका वडा नं. ५ को वाराही माध्यमिक विद्यालयमा प्राचार्यको भूमिकामा रहेर विद्यालयको शैक्षिक तथा पूर्वाधारको गुणस्तमा बृद्धि तथा बिकासमा महत्वपूर्ण योगदान दिनु भएको थियो।

साथै उहाँ पोखरा महानगरकै वडा नं १ बगरमा रहेको विन्ध्यवासिनी संस्कृत विद्यापिठको संस्थापक प्रार्चाय समेत रहनु भएको थियो।

# सुन काण्ड : राजस्व अनुसन्धान विभागले माग्यो प्रहरीको सहयोग

**रासस**
काठमाडौं, ८ साउन

राजस्व अनुसन्धान विभागले झन्डै एक क्विन्टल सुन तस्करी प्रकरणमा पाँच दिनपछि नेपाल प्रहरीको सहयोग मागेको छ।

प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले विभागबाट माग भइआएकाले हाल प्रहरी उपरीक्षक कृष्ण पङ्गेनीलाई अनुसन्धानमा सहयोग गर्नका लागि पठाइएको जानकारी दिनुभयो।

यसअघि विभागले आफ्नै अनुसन्धान टोली खटाएर सुन बरामद गरेको थियो भने अनुसन्धानको काम अघि बढाएको थियो। विभागले अहिलेसम्म १६ जना आरोपीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। पक्राउ परेकामा भन्सार अधिकृत सन्तोष चन्द, जाँचकी कुमार ढकाल र एक्सरे अपरेटर सरोज श्रेष्ठ, भन्सार एजेन्टहरू सुदर्शन गौतम, रुकमेणा सुब्बा र यादव पराजुली रहेका छन्।

यस्तै कार्गो कम्पनीका सञ्चालकहरू राजन श्रेष्ठ, कृष्ण श्रेष्ठ र पुष्करराज भट्ट, ट्याक्सी चालक अशोक रानामगर, भन्सार एजेन्ट राजेन्द्रकुमार राई, सुन ल्याउने कम्पनी रेडी ट्रेड प्रालिका सञ्चालक दिलीप भुजेल, सहयोगीहरू हर्कराज राई, थुक्पिन छिरिङ र रामकुमार भुजेल रहेका छन्।


उनीहरूमाथि म्याद थप गरेर विभागले अनुसन्धान गरिरहेको छ। सुन कति बरामद भयो भनेर अहिले नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाले यकिन गर्ने काम गरिरहेको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

## सम्पादकीय

# कांग्रेसमा देउवा गगन जुहारी

नेपाली काङ्ग्रेसको जारी केन्द्रीय समितिको बैठकमा सभापति शेर बहादुर देउवा र महामन्त्री गगन थापाबीचको मतभेद सार्वजनिक भएको छ। महामन्त्री गगनकुमार थापाले पार्टीभित्र नेतृत्व परिवर्तनका लागि निरन्तर प्रयास गरिरहने बताएका छन । सभापति देउवा पक्षकाले थापाको आलोचना गरेपछि जुहारी चलेको छ। काङ्ग्रेस सभापति फेर्न भन्दा संसदीय दलको नेता फेर्न सजिलो ठानेर महामन्त्री थापाले देउवाले विगतमा खेलेको भूमिका स्मरण गराएका छन । सभापति देउवा स्वयं नेता फेर्दै आएकाले आफूले गरेको कोसिसलाई सहज रुपमा लिएको भन्दै उनले वरिपरि भएका नेताहरुलाई धेरै चिन्ता नगर्न आग्रह गरेका छन। सुशील कोइराला सभापति भएका बेला वरिष्ठ नेता रहेका देउवाले खेलेको भूमिका स्मरण गराउँदै महामन्त्री थापाले भने, ‘अनि साथीहरु धेरै किन आत्तिनुभएको ? मैले पार्टी फुटाउने कुरा गरेको हो र ? मैले त दलको नेता फेर्ने कुरा गरेको हो ।’

दलको नेता परिवर्तन गर्न लागेकै कारण आफूलाई निर्णय प्रक्रियाहरुमा सहभागी नगराए त्यस्ता निर्णयको भारी नबोक्ने सन्देश समेत महामन्त्री सभापति देउवालाई दिएका छन् । पार्टीमा फरक विचारलाई ठाउँ नदिने गर्दा उकुसमुकुस भएको छ। सभापति देउवालाई अघि सारेर महामन्त्रीलाई कमजोर बनाउन खोज्दा यो अवस्था आएको हो । २०७८ मंसिरमा भएको १४औं महाधिवेशनबाट सभापति र महामन्त्री चुनिएका देउवा-थापाबीच सुरुमा राम्रै सहकार्य भएको थियो । पार्टीमा मात्र होइन, सत्ता गठबन्धनको सत्ता गठबन्धनको बैठकहरुमा थापालाई सहभागी गराएका थिए । के म नेपाल विद्यार्थी संघको महामन्त्री हो ? नेपाली कांग्रेसको महामन्त्री हो नि ! कांग्रेसको हित वा अहितका सन्दर्भमा हुने छलफलहरुको निष्कर्ष पत्रपत्रिकामा आइसकेपछि त्यसको भारी मात्र बोकिदिनुपर्ने हो र ? यी प्रश्न उठाउनुपर्ने अवस्थाले काङ्ग्रेस कति गहिरो विवादमा छ भन्ने देखाउँछ। एउटा समातेर अर्को पछार्ने खेल काङ्ग्रेसमा चल्दै आएको हो ।देउवाले त्यही गरेका छन।

जब संसदीय दलको नेतामा आफैंसँग प्रतिस्पर्धा गरे, देउवाले थापालाई स्पेस दिन छाडे । बरु सभापतिमा चुनाव लडेका डा. शेखर कोइरालालाई स्पेस दिन थाले । केन्द्रदेखि प्रदेशसम्म मन्त्री नियुक्तिमा समेत भाग दिए। जबकि १४औं महाधिवेशन भएको लामो समयसम्म उनले भेट समेत दिएका थिएनन् । त्यो बेला डा. शेखरलाई गरेको व्यवहार सभापति देउवाले अहिले महामन्त्री थापासँग गर्न थालेका छन् । सोमबार केन्द्रीय कार्यसमिति बैठकमा महामन्त्री थापाले आफूलाई नेविसंघको महामन्त्री नठान्न चेतावनी दिएका छन् । बैठकमा बाहिर बोल्दै हिँडेको भनेर आफ्नो आलोचना भएको भन्दै उनले भने, ‘मेरो ठाउँमा बसेर एक पटक सोचिदिनुस् त ! म नेपाली कांग्रेसको महामन्त्री । एकाबिहानै यसो फोनमा समाचार हेर्छु । फलानो-फलानो मन्त्री भएको, प्रदेशको सरकारबारे यो निर्णय भयो भनेर आउँछ । अनि मलाई पत्रकारले सोध्छन्, मैले पत्रिकामा थाहा पाएपछि उत्तर केमा दिन्छु ? पत्रिकामै दिन्छु ।’

आफू गठबन्धनको बैठक तथा छलफहरुमा पनि सहभागी नभएको र बहुसंख्यक कुराहरु पत्रपत्रिका पढेर थाहा पाएको महामन्त्री थापाले बताए । उनले अगाडि भने, ‘कहिले थाहा पाउँछु फलानालाई कैद माफी गर्ने निर्णय भयो । कसले गऱ्यो ? गठबन्धनले गऱ्यो । मैले पत्रिकामै थाहा पाएँ ।’ प्रतिनिधिसभामा विचाराधीन केही नेपाल ऐन संशोधन विधेयकमा राजनीतिक सहमतिका आधारमा मुद्दा फिर्ता लिने निर्णयको विरोधमा रहने जवाफ दिएर देउवालाई संसदबाट अप्ठेरोमा पार्ने जनाउ दिएका छन।संसदमा सशक्त विपक्षी भएको हुँदा गगन अस्त्र देउवाको लागि महंगो पर्न सक्छ ।

# पुरातात्विक महत्वका बालधारा संरक्षणको पर्खाइमा

–जमुना वर्षा शर्मा
पोखरा, ८ साउन

पोखरा प्राकृतिक सुन्दरतासँगै धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदताले पनि उत्तिकै परिचित छ । आफ्नै विशेषता र मौलिकताले सजिएको पोखरामा एक सय वर्षको इतिहास बोकेका बालधाराको पुरातात्विक महत्व रहे पनि ती सबैको संरक्षण हुन नसक्दा लोप हुने अवस्थामा पुगेका छन् ।

बालधाराको इतिहास हेर्दा सन् १९७७ मा तत्कालीन चिफ इन कमान्डर बबर शमशेरले आफ्ना नाबालक छोरा बाल शमशेरको स्मृतिमा बनाएको पाइन्छ । बाल शमशेरको १४ वर्षको उमेरमा निधन भएको थियो । तत्कालीन समयमा पोखरामा पानीको निकै हाहाकार थियो । बबर शमशेरले आफ्नो छोराको वार्षिक स्मृतिमा पोखरेलीको तिर्खा मेट्न पोखराका विभिन्न स्थानमा १४ वटा धारा निर्माण गर्नुभएको सम्पदाप्रेमी एवम् पोखराका पुराना फोटो सङ्कलक सुनिल उलक बताउनुहुन्छ ।

“त्यसताका पोखरामा पानीको निकै दुःख थियो, खोलानाला तालतलैयाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता थियो । बबर शमशेरले १४ वर्षीय छोराको निधन भएपछि उनको सम्झनामा १४ वटा बालधारा बनाएर धेरैको तिर्खा मेटाउने काम गर्नुभएको थियो । सबै धारामा एउटै शिलालेख देख्न सकिने भएकाले यसबाट पनि त्यो इतिहास झल्कन्छ”, उलकले भन्नुभयो । उहाँका अनुसार अहिले केही संरक्षण भएका छन् भने केही अतिक्रमणको चपेटामा परेर लोप भइसकेका छन् । बालधाराकै पानी खाएर हुर्केको अनुभव सुनाउँदै उलक भन्नुहुन्छ, “बालधाराको पुरातात्विक महत्व छ त्यसैले यसको संरक्षण र सम्वर्द्धन गर्नुपर्छ भनेर बालधारा संरक्षण समिति गठन गरेर पहल गरेका हौं ।” आफैं समितिको संयोजकसमेत रहनुभएका उलकले बालधाराले तत्कालीन समयमा पोखराको इतिहासलाई बुझ्न पनि मद्दत पुग्ने बताउनुभयो । जुन जुन वडामा बालधारा रहेका छन्, ती ठाउँमा स्थानीय र वडा जनप्रतिनिधि मार्फत् संरक्षणका लागि पहल गरिएको उहाँको भनाइ छ । उहाँका अनुसार भैरवटोल, मोहरियाटोल, नालामुख, पालिखेचोक, बागबजार, भीमसेन टोल, रामकृष्णटोल, सिद्धार्थचोक, सिमलचौर, तेर्सापट्टि, रानीपौवाको शोभा भगवती मन्दिर र दूरसञ्चारअघि, माटेपानीको (पुछारको धारा) साँघुमुखमा बालधारा निर्माण गरिएको थियो। हाल भैरवटोल, नालामुख, रामकृष्णटोल, सिमलचौर, तेर्सापट्टि र माटेपानीको पुरानोधाराको संरक्षण भएको छ भने बाँकी धाराहरु सम्बन्धित वडामार्फत संरक्षणका लागि पहल भएको उहाँले जानकारी दिनुभयो । साँघुमुखको र दूरसञ्चार अगाडि भने धारा भएको ठाउँ नै मानवीय अतिक्रमणमा परेको छ । योसँगै सिद्धार्थचोकमा धाराका केही सामग्री भेटिए पनि त्यही ठाउँमा भवन बनिसकेकाले त्यहाँ पनि बालधारा पुनर्निर्माण गर्न सम्भावना कम देखिएको छ । पोखरा महानगरपालिका-५ पर्स्याङ बालधारामा आउने पानीको मुहान थियो । त्यस ठाउँलाई धारापानी भनिन्छ । आज पनि त्यो ठाउँ धारापानीले नै परिचित छ । इतिहासको दृश्य बोकेको, तत्कालीन समयको अवस्थालाई अध्ययन गर्न सकिने पुरातात्विक महत्व बोकेका यस्ता सम्पदाको संरक्षणमा सम्बन्धित निकायले चासो दिन नसक्दा केही बालधारा भएका स्थानमा घर र पर्खालहरु बनेर इतिहास मेटिएको उहाँको भनाइ छ ।

विसं २०२२ मा पोखरेलीले भोटीखोला योजना आएपछि पानीको सहजता हुन थाल्यो । बालधाराको पानी पनि अन्यत्र लगिएपछि धारामा पानी सुक्न थालेको उहाँको बुझाइ छ । ऐतिहासिक र पुरातात्विक संरचनाको संरक्षण आवश्यक रहेकाले आफूहरुले चासो दिएको उलकले बताउनुभयो । पोखराकोसुन्दरतामापुरातात्विकमहत्व बोकेको धाराको उस्तै शैलीमा संरक्षण सम्वर्द्धन हुनुपर्नेमा त्यसो हुन नसकेको बताउनुहुन्छ संस्कृतिकर्मी तीर्थ श्रेष्ठ। “बालधाराको पुरातात्विक महत्व छ, यस धाराले तत्कालीन समयमा पोखरामा खानेपानीको अभावको अवस्था रहेको पुष्टि गर्छ भने अर्कोतर्फ पानी खुवाउने पुण्य कार्र्यलाई पनि जोड दिएको बुझ्न सकिन्छ ।” बिट्रिस शैलीका ती धाराहरु निकै आकर्षक थिए भने मान्छेलाई मात्र नभएर गाईवस्तुलाई पनि पानी खान मिल्ने गरी बनाइएको उहाँ स्मरण गर्नुहुन्छ ।

पोखरी खनेर, कुवा बनाएर, वरपीपल चौतारो छेउछाउमा मूलको पानी ल्याएर हाम्रा अग्रजहरुले पुण्य कर्म गरे जस्तै बबर शमशेरले पनि आफ्नो छोराको स्मृतिमा पोखरेलीको प्यास मेटाउन धारामार्फत पोखरेलीलाई पानी खुवाएर पुण्य कमाएको बताउनुभयो । बालधारा निर्माणले पोखरामा आधुनिक धाराको विकास पनि सुरुआत गरेको थियो । यो धारा बनेपछि खोलानालामा पुगेर पानी बोकेर ल्याउनुपर्ने बाध्यता पनि हटेको थियो । श्रेष्ठले आफ्नो स्मरणमा भएसम्म १४ वटामात्र नभएर अझै बढी भएको अनुमान गर्नुभयो । “मलाई अझै बढी भए जस्तो लाग्छ यसका बारेमा थप अनुसन्धान गर्न सकिन्छ ।” खानेपानी संस्थानले यी धारामा आउने मुहानलाई लिएर सार्वजनिक स्थानमा पानी वितरण गरे पनि बालाधाराको संरक्षणमा चासो नदेखाएको उहाँको भनाइ छ । ‘बालधारा संरक्षण अभियान समिति’का सदस्य एवम् राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समितिका निर्वतमान अध्यक्ष विष्णुहरि अधिकारी बढ्दो सहरीकरणले घरघरमा पानीको धारा आएर सार्वजनिक धाराको महत्व घटे पनि बालधारा पुरातात्विक महत्व भएकाले संरक्षण आवश्यक रहेको बताउनुभयो । साँघुमुखमा रहेको धाराको पानि खाएर हुर्केको स्मरण गर्दै अग्रज फोटो पत्रकार विश्व शाक्य तत्कालीन समयमा पोखरेलीको तिर्खा मेटाएको बालधारा एउटा इतिहासको चित्र भएकाले यसको संरक्षणमा स्थानीय र सरोकारवालाहरुले पहल गर्नुपर्ने बताउनुहुन्छ । “हामीले पानी खाएर हुर्केको साँघुमुखको त्यो बालधारा खोइ कता छ ? अहिले त साँघुमुख भन्ने नाम पनि उच्चारण भएको सुनिँदैन, इतिहास बोकेका ठाउँका नाम र संरचनालाई सम्पदा संरक्षणकर्मीले विशेष चासो दिएर जोगाउनुपर्ने हो”, उहाँले भन्नुभयो ।

# पर्वतमा ९० साना सिँचाइ आयोजना सम्पन्न

रासस
पर्वत, ८ साउन

पर्वतमा गत आर्थिक वर्ष २०७९/८० मा ९० साना सिँचाइका योजना सम्पन्न भएका छन् । कृषि ज्ञान केन्द्रमार्फत जिल्लाका विभिन्न क्षेत्रमा सिँचाइका लागि ३० तथा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धान जोन इकाई कार्यालयअन्तर्गत ६० साना सिँचाइका योजना निर्माण गरिएका हुन् ।

सिँचाइको सुविधा नपुगेका सिमान्तकृत बस्तीमा प्रतियोजना रु दुई लाखका दरले निर्माण गरिएका हुन् । यसअन्तर्गत कुला, सिमेन्टका पोखरी, प्लाष्टिक पोखरी, ट्याङ्की, बोरिङ, पाइप विस्तार, इनार, साना बाँधलगायतको मर्मत सम्भारका साथै सिँचाइ पूर्वाधार निर्माण गरिएको वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले जानकारी दिनुभयो । सहकारी, फार्म, किसान समूहको माग र भौगोलिक विकटता तथा आवश्यकताको आधारमा प्राथमिकता दिएर आयोजनाको छनोट गरिएको हो । धान जोन कार्यान्वयन इकाइका निमित्त प्रमुख सुजित पौडेलले चालु आर्थिक वर्षमा दुई कार्यालयमार्फत रु एक करोड ८० लाखको लागतमा ९० योजना सम्पन्न भएर यसै वर्षदेखि किसानले सिँचाइको सुविधा उपभोग गर्न पाएका बताउनुभयो । गत आवमा सम्पन्न साना सिँचाइ आयोजनाबाट करिब एक हजार दुई सय १० रोपनी क्षेत्रफलमा सिँचाइको पहुँच विस्तार भएको उहाँको भनाइ छ । “स-साना बस्ती, फाँट, तरकारी फार्म र किसान समूहका लागि यस्ता योजना उपयोगी छन्”, पौडेलले भन्नुभयो । पहिला खोला खोल्साबाट कुलो बनाएर तरकारी र खेतमा सिँचाइ गर्ने गरेकोमा साना सिँचाइ आयोजनाले थप सहज भएको किसानले बताएका छन् । पानीको स्रोत नभएका राजमार्गको नाली उपयोग गरेर सिँचाइ गर्ने कतिपय बर्खे खोला खोल्सीको पानी सदुपयोग गर्न पनि साना सिँचाइ आयोजना प्रभावकारी देखिएका छन् । साना सिँचाइ आयोजनाबाट किसानलाई धान रोप्न, धानको बीउ राख्न र तरकारी खेतीमा सिँचाइ गर्न गर्न सजिलो भएको छ । पर्वतको नौ हजार ५० हेक्टर धानखेती हुने जमिनमध्ये झण्डै ६ हजार चार सय २० हेक्टरमा स्थायी सिँचाइ सुविधा पुगेको छ ।

# डेङ्गीबाट बच्न थप सचेत रहन आग्रह

रासस
काठमाडौं, ८ साउन

नियमित पानी परेसँगै डेङ्गी सङ्क्रमित बढ्न थालेको भन्दै काठमाडौँ महानगरपालिकाले थप सचेत रहन आग्रह गरेको छ । अहिलेसम्ममा कामपामा दश जनामा सङ्क्रमण देखिएको भन्दै कामपा स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले नियमित पानी परेकाले आगामी दिनमा सङ्क्रमितको संख्या बढ्न सक्ने भन्दै सचेत रहन सबैलाई आग्रह गर्नुभयो ।

अघिल्लो हप्तासम्म यस रोग नियन्त्रणका लागि हप्तामा एक पटकमात्र लार्भा खोज र नष्ट गर अभियान सुरु गरेको कामपाले अहिले हरेक दिन यस्ता किसिमका कार्यक्रम गरिरहेको जनाएको छ । अहिले विभिन्न सङ्घसस्था र कामपाको संयुक्त रुपमा पानी जमेको स्थानको खोजी गर्ने र उक्त स्थानमा रहको लामखुट्टेलाई नष्ट गर्ने काम गरिरहेको विभागका प्रमुख पौडेलले जानकारी दिनुभयो । नियन्त्रणकै लागि कामपाले विभिन्न किसिमका अभियानलाई तीव्रता दिइरहेको छ । कोही सङ्क्रमित भइहाले वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत सिटामोल र जीवनजलको सहज उपलब्ध गराइएको पनि उहाँले जानकारी दिनुभयो । कामपा-१, ७, ८, १४, १९ र २६ स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन भइरहेको छ। सरसफाइमा काम गर्ने कर्मचारीहरु र स्वास्थ्य स्वयम्सेवीका मार्फत नियन्त्रणका लागि निगरानी बढाइरहेको प्रमुख पौडेलले बताउनुभयो ।

विगतका वर्षमा जस्तै यस वर्ष पनि उक्त सङ्क्रमण थप फैलन सक्ने भएकाले समयमा नै रोकथाम तथा नियन्त्रण गर्न लागेको पौडेलले बताउनुभयो । उहाँका अनुसार उक्त कार्य गर्न नगर प्रहरीमार्फत टोलटोलमा डेङ्गीबाट बच्ने सन्देशसहित माइकिङ गर्ने, प्रचारप्रसार गर्ने तथा वडास्तरमा गठन भएको द्रुत प्रतिकार्य टोलीसमेत परिचालन भएका छन् । सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थयकर्मी, स्वास्थ्य स्वयम्सेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोलटोलमा गई पानी जमेको स्थानमा कुचो वा अन्य साधनको प्रयोग गरी पानी हटाउने, वर्कशप तथा टायर लगायतमा पानी जम्न नदिने काम भइरहेको छ ।

एडिस जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने यो रोगका विरामीलाई ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षणहरू देखापर्दछ । टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसापेशीहरू दुख्ने, शरीरमा विविरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने यसको मुख्य लक्षण हो ।


## दि बेगनास लेक रिसोर्ट एण्ड भिल्ला निर्माण तथा संचालनको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/ ०९)**

**गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३१ मा दि बेगनास लेक रिसोर्ट एण्ड भिल्लाज प्रा. लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | दि बेगनास लेक रिसोर्ट एण्ड भिल्लाज प्रा. लि. |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका, वडा नं.३१ मा दि बेगनास लेक रिसोर्ट एण्ड भिल्ला निर्माण तथा संचालन गर्न |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ३१ |
| कित्ता नं. | १०३७,१०३८,१०३९,१०३४,१३८०,१३७९,१०४० |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, वडा नं.३१ को कार्यालय
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं
३. श्री दि बेगनास लेक रिसोर्ट एण्ड भिल्लाज प्रा.लि.
काठमाडौं महानगरपालिका, वडा नं.०९
४. श्री दाइ इची इन्भेष्टमेन्ट एण्ड इन्भारोमेन्टल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि, जोरपाटी, काठमाण्डौ



## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**म प्रविन क्षेत्रीको मादी गाउँपालिकाबाट पोखरा आउनेक्रममा माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजपत्रको झोला हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नामः** प्रविन क्षेत्री
**ठेगानाः** मादी गाउँपालिका–१०, थुम्सीकोट
NEB Registration No: 764061008
Symbol No : 24008523
**सम्पर्क नं.** : 9861070709


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बाली बीमाप्रति किसानको आकर्षण छैन

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ साउन

बाँदरका कारण बर्सेनि खेतीमा नोक्सानी खेप्दै आएका बागलुङका किसान बाली बीमा भने गर्दैनन् ।

वर्षा, हिमपात, असिना, हावाहुरी तथा जङ्गली जनवारले बालीमा क्षति पुऱ्याएका खण्डमा बीमा गरेपछि सोबापतको रकम उपलब्ध हुने गर्दछ ।

बाँदरका कारण किसानको बालीमा बर्सेनि नोक्सानी भइरन्छ र तर नोक्सानीको भरणपोषणका लागि आवश्यक रहेको बाली बीमातर्फ भने यहाँका किसान आकर्षित नभएको पाइएको छ । कृषि ज्ञान केन्द्र बागलुङले बाली बीमा गर्नका लागि किसानलई 'प्रिमियम रकम'समेत प्रदान गर्दछ । बालीको सम्भावित क्षतितर्फ किसानको ध्यान नगएको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । गत आवमा किसानलाई बाली बीमाको प्रमियम भुक्तानीका लागि कृषि ज्ञान केन्द्रले रु दुई लाख ४० हजार रकम विनियोजन गरेको थियो । हजारौँ किसान रहेको बागलुङमा बाली बीमा कार्यक्रमबाट लाभान्वित हुने किसानको सङ्ख्या १३ जना रहेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईका अनुसार किसानले गरेको बाली बीमाका आधारमा केन्द्रले बीमाको प्रिमियम रकम प्रदान गर्ने भने पनि १३ किसानले रु २७ हजार प्रिमियम रकम लगेको बताउनुभयो । "कार्यक्रम हेर्दा सानो थियो तर यस्को प्रभावकारिता निकै ठूलो थियो, दुई लाख ४० हजारको बीमाले किसानको करोडौँ बालीको नोक्सानी व्यहोर्न सक्दथ्यो", उहाँले भन्नुभयो " किसान बाली बीमा नै गर्न चाहदैनन् भन्ने हो, किसानलाई तत्कालैको नगदी अनुदान तथा उपकरण अनुदानमा आकर्षित छन्, बाँदरले पुऱ्याएको क्षतिको समेत बीमा भुक्तानी हुनेछ तर किसानले बाँदरको समस्या ल्याउनुहुन्छ तर बालीको बीमा गर्न मान्नु हुन्न ।"

बाँदरलाई जङ्गली जनवारको क्षतिको रुपमा बीमा दाबी गर्न सकिने जनाउँदै बाली बीमा गर्न किसानलाई प्रोत्साहनस्वरुपको कार्यक्रम कार्यान्वयन भएपनि उनीहरु आकर्षित नभएको उहाँको भनाइ छ । भुक्तानी प्रक्रिया झन्झटिलो भएका कारण किसानले बीमा गर्नेतर्फ आकर्षित नभएको जिल्ला कृषि सहकारी सङ्घका अध्यक्ष नरबहादुर थापाले जानकारी दिनुभयो । "साना किसान बीमाको विषयमा जानकार नै छैनन्, तर ठूला कृषि फर्महरुले बीमा गरे पनि प्रिमियम शुल्क लिन कृषि ज्ञान केन्द्र नगएकासमेत हुनसक्छन्", उहाँले भन्नुभयो, "किसानको पेसासमेत जोखिममा छ, जोखिम न्यूनीकरण र क्षतिपूर्तिका लागि किसानले बीमा गर्न आवश्यक छ ।"

बाली बीमाप्रति किसान आर्कर्षित नभएपनि पशु बीमामा भने किसान आकर्षित भइरहेको भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । उहाँले पशुबाट बालीको भन्दा बढी क्षति हुने भएकाले किसान पशु बीमा गर्ने गरेका छन् । पशु बीमा गर्दा लाग्ने प्रिमियमको ८० प्रतिशत सङ्घीय सरकारले छुट दिने गरेको छ भने दुई वर्षअघि गण्डकी प्रदेशले २० प्रतिशत थप गरेर शतप्रतिशत छुटमा बीमा गर्ने गरे पनि अहिले प्रदेश सरकारको कार्यक्रम भने नरहेका उहाँको भनाइ छ ।

# मध्यबर्खामा पनि खोला दोहन

**रासस**
बागलुङ, ८ साउन

बागलुङको बडिगाड खोलामा कानुनविपरीत मध्य बर्खामा पनि नदीजन्य पदार्थको उत्खनन गरिएको पाइएको छ । बडिगाड खोलाबाट अवैधरुपमा ढुङ्गा, गिटी, बालुवालगायत नदीजन्य पदार्थ निकाल्ने गरेको पाइएपछि पालिकाले यसमा रोक लगाएको हो ।

नदीजन्य उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ अनुसार असारदेखि भदौ मसान्तसम्म कुनै पनि नदीबाट बालुवा, गिटी र ढुङ्गा निकाल्न नपाइने र स्थानीय तहले पनि उक्त समयमा ठेक्का लगाउन नपाइने व्यवस्था छ । बडिगाड गाउँपालिका भएर बग्ने उक्त खोलाबाट नदीजन्य पदार्थ निकालेर राखिएको पाइएपछि पालिकाले सो कार्य तत्काले रोक्न निर्देशन दिएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो । उहाँले निर्देशन विरुद्धमा गएर दोहन नरोकिए पालिकाले कारबाही गर्ने चेतावनीसमेत दिनुभयो ।

अध्यक्ष थापाका अनुसार गाउँपालिकाले अवैधरुपमा निकालिएको नदीजन्य पदार्थलाई जफत गर्ने तयारी थालेको छ । "नदी किनार तथा सडक छेउमै बालुवा निकालिएको देखिएको छ, बर्खामा नदीबाट नदीजन्य पदार्थ निकाल्दा वातावरणीय प्रभावमा प्रतिकूल असर पर्ने भएकाले रोक लगाएका छौँ", उहाँले भन्नुभयो, "अवैधरुपमा गरिने कार्यलाई पालिकाले कारबाही गर्नेछ, पालिकाले सरकारी नियमअनुसार नदीजन्य पदार्थको ठेक्का लगाउँदै आइरहेको छ ।" बर्खायामको समयमा अवैधरुपमा नदीजन्य पदार्थको उत्खनन भइरहेको र यस्तो कार्यमा बालबालिकाको समेत प्रयोग भएको पाइएकाले यसरी गैरकानुनी कार्य तुरुन्त रोक्न गाउँपालिकाले सूचना नै जारी गरेर रोक लगाएको अध्यक्ष थापाले बताउनुभयो ।

# ज्यामिस्वाँरामा व्यावसायिक रेशम किराको खेती

**रासस**
गोरखा, ८ साउन



गोरखाको सहिद लखन गाउँपालिकामा पहिलोपटक व्यावसायिकरुपमा रेशम किराको खेती गरिएको छ ।

गाउँपालिकाको वडा नम्बर ६ घैरुङस्थित ज्यामिस्वाँरामा मनकामना रेशम खेती कृषि समूहले रेशम किराको व्यावसायिक खेती गर्न सुरु गरेको गाउँपालिकाका कृषिशाखाका ऋषि रोकाले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकार र गाउँपालिकाको आर्थिक सहयोगमा स्थानीय कृषकले मिलेर समूहमार्फत रेशम किराको खेती गर्न सुरु गरेको उहाँले बताउनुभयो । "पालिकाले समूहलाई रेशम किराको खेती गर्न सहयोग पुऱ्याउने उद्देश्यले फलामका 'र्‍याक' निर्माण र जग्गा भाडामा आर्थिक सहयोग गर्दै आएको छ", शाखा प्रमुख रोकाले भन्नुभयो, "त्यसबाहेकको सहयोग समूहलाई प्रदेश सरकारले गर्दै आएको छ ।" "पहिलोपटक उत्पादन थाल्दा पाँच किलो मात्र कोकुन उत्पादन भएको थियो", उहाँले भन्नुभयो, "यस पटक ५० केजी उत्पादन हुने अनुमान गरिएको छ ।" धागो नै निकालेर बिक्री गर्दा बढी फाइदा हुने भए पनि प्रशोधनको काम भने सुरु भई नसकेकाले समूहले अहिले कोकुन नै बिक्री गर्दै आएको शाखा प्रमुख रोकाले बताउनुभयो । धागो उत्पादन गरेर बिक्री गर्नसके प्रतिकेजी रु पाँच हजारमा बिक्री हुनसक्ने उहाँको भनाइ छ । फार्ममा यस पटक ६० हजार रेशम किरा हालिएको मनकामना रेशम खेती कृषि समूहकी सदस्य लिना थापामगरले बताउनुभयो । "किराले २८ दिनदेखि नै कोकुन हाल्न सुरु गर्छ", उहाँले भन्नुभयो, "लगभग ४० दिनभित्रमा आम्दानी आइसक्ने अवस्थामा पुग्छ ।" किरा राख्नुअघि घाँसको बगैँचा तयार गर्नसके महिनैपिच्छे किरा हालेर उत्पादन लिन सकिने उहाँले जानकारी दिनुभयो । "रेशम किरा पाल्नका फार्मलगायतका संरचना निर्माण गर्न भने थोरै जग्गा भए पनि हुन्छ", उहाँले भन्नुभयो, "घाँस (किम्बु) खेतीका लागि धेरै जग्गा आवश्यक पर्ने हुँदा समूहले करिब सय रोपनी जग्गा समूहले भाडा लिएर घाँस खेती गर्दै आएको छ ।" करिब ७१ रोपनी जमिनमा घाँस उत्पादन राम्रो रहेको भए पनि बाँकी जमिनमा मल पुऱ्याउन नसक्दा घाँस राम्रो उत्पादन गतिलो हुन नसकेको उहाँको भनाइ छ । समूहले रेशम किराको व्यावसायिक खेती गर्न सुरु गरेपछि एक पटक मात्र उत्पादन लिएको उहाँले जानकारी दिनुभयो । "अब हुने उत्पादन यो दोस्रो पटक हो, पहिलोपटक अनुभव नहुँदा राम्रो आम्दानी लिन सकिएन", उहाँले भन्नुभयो, "यसपटक भने धेरै न ज्ञान प्राप्त भएको छ अब राम्रो हुन्छ भन्ने विश्वास छ ।"

रेशम किराको खेती हेर्नका लागि गाउँपालिकाभित्र र बाहिरबाट विद्यार्थीसमेत आउने गरेको उहाँले बताउनभयो । "विद्यार्थी बारम्बार रेशम किराको खेती हेर्न आउँछन्", उहाँले भन्नुभयो, "विद्यार्थी आउँदा कोकन काट्ने, पानीमा राखेर धागो निकाल्नका सिक्ने अवसर पनि यहाँबाट पाएका छन् ।" बिग्रिएका कोकुन विद्यार्थीलाई सिक्नका लागि प्रयोग हुँदै आएको उहाँको भनाइ छ ।

उत्पादित कोकुन बिक्रीका लागि बजार भने समस्या हुँदै आएको उहाँले जानकारी दिनुभयो । "हामीले उत्पादन गरे पनि समयमा बिक्री नहुँदा कोकनको तौल घट्ने गर्दछ", उहाँले भन्नुभयो, "भनेको समयमा खपत नहुँदा कोकुनलाई धेरै पटक सुकाउनुपर्ने भएकाले तौल धेरै गर्ने भएकाले समस्या हुने गरेको छ ।" यस पटकको उत्पादन ढिलोसम्म राख्नुपर्दा ३०/३५ केजी अनुमान गरिएको कोकुन घटेर आठ केजी मात्र भएको उहाँले दुःखेसो गर्नुभयो । गाउँपालिकाले जग्गा भाडाका लागि निरन्तर सहयोग गर्दै आएको जनाएको छ ।

# उत्तर गङ्गामा पुल नबन्दा आन्तरिक पर्यटकलाई समस्या

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ साउन

ढोरपाटनमा बर्खामा हरियाली वातावरणसँग रमाउने र हिउँदमा हिउँ खेल्नेको भीड नै लाग्ने गर्छ । बुर्तिबाङ बजारदेखि ढोरपाटन पुग्ने सडकको अवस्था त बिजोग नै छ । यद्यपि आन्तरिक पर्यटक जसोतसो ढोरपाटन पुग्ने गरेका छन् ।

यो याम ढोरपाटन घुम्नका लागि निकै उपयुक्त मानिन्छ । उच्च पहाडी क्षेत्र भएको हुँदा शान्त वातावरण र स्वच्छ हावापानी यहाँ पाइन्छ । बजारको गर्मीले आजित बनेकाहरु शीतलताका लागि बर्खायाममा ढोरपाटन पुग्छन् । ढोरपाटनसम्म साना खहरे खोला पार गर्दै पुगे पनि उत्तरगङ्गा नदी तर्न गाह्रो पर्छ । हरेक वर्षात्को समयमा उत्तरगङ्गा नदीमा पानीको बहाव बढ्ने हुँदा ढोरपाटन बराह मन्दिर क्षेत्रबाट पारीपट्टीका सेलपाखे, सिकार आरक्ष कार्यालय क्षेत्रलगायतका ठाउँमा पुग्न पैदल यात्रा नै गर्नुपर्ने बाध्यता छ । विशेषगरी सेलपाखे र सिकार आरक्ष क्षेत्र घुम्न अतिउपयुक्त मानिन्छ । पुल नबन्दा ढोरपाटन पुग्ने धेरै जसो पर्यटक यी ठाउँमा पुग्नबाट वञ्चित हुने गरेका छन् । बुर्तिबाङदेखि ढोरपाटन सडकले जोडिएको दशक बढी हुन थाल्यो, तर उत्तरगङ्गामा पुल निर्माण गर्नेतर्फ कसैको ध्यान जान सकेको छैन । उत्तरगङ्गा नदी हिउँदमा वारपार गर्न सकिने हुँदा स्थानीयले पशुचौपाया पनि खोला तार्ने गर्छन् भने गाडी पनि सहजरुपमा वारपार गर्न सक्छन् । केही दिनदेखिको वर्षाले उत्तरगङ्गा बढेर सतह पार गरेको छ । मान्छे वारपार गर्न नवी र मोराङ दोगाडी घाटमा झोलुङ्गे पुल बने पनि मोटरेवल पुल भने अहिलेसम्म बन्न सकेको छैन । सेलपाखे मैदानमा यतिबेला वनफूलसँगै विभिन्न प्रकारका फूलले भिरएको र पारी पुग्ने पुल नहुँदा टाढैबाट पर्यटक लोभिने गरेका छन् । उत्तरगङ्गा नदीमा पुलको माग गरेको वर्षौं भए पनि अहिलेसम्म बन्नका लागि कुनै प्रक्रिया अगाडि नबढेको स्थानीय कुलबहादुर सुनारले बताउनुभयो । उहाँले नदिमाथि पुल बने ढोर बराह मन्दिरमा आउने सबै पर्यटक सिकार आरक्ष कार्यालय क्षेत्र तथा ठूलो समरथर मैदानमा पुग्नसक्ने बताउनुभयो । सुनारले भन्नुभयो, "ढोरपाटन मोटरबाटोले जोडिएदेखि हामी यहाँका गाउँलेले सरकारलाई धेरैपटक पुल बनाउनका लागि माग गऱ्यौं, तर अहिलेसम्म कुनै पनि निकायबाट सुनुवाइ हुन सकेको छैन, मान्छे तर्ने झलुङ्गो पुल पनि दुई ठाउँमा मात्रै छ, बीच भागमा मोटर गुड्न पुल बने धेरै सजिलो हुने थियो, घुम्न आउने पनि गाडीमै ढोरपाटन उपत्यका घुम्न पाउँथे, अहिले त बराह मन्दिर नजिक गाडी पार्किङ गरेर पारी पुग्नुपर्ने अवस्था छ ।"

ढोरपाटन नगरपालिकाका नगर उपप्रमुख धनबहादुर कायतले उत्तरगङ्गा नदीमा एउटा पनि मोटरेवल पुल निर्माण नहुँदा स्थानीय र पर्यटकलाई वारपारमा समस्या भएको बताउनुभयो । हिउँदको समयमा कुनै समस्या नपर्ने र बर्खामा नदीमा बाढी आउँदा यात्रा गर्न नसकिने उहाँको भनाइ छ । उहाँले नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा नवी गाउँ नजिकै पुल निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरेको बताउनुभयो । डिपिआर तयार गर्दा नगरपालिकाले रु १० लाख खर्च गरेको उपप्रमुख कायतको भनाइ छ । "ढोरपाटन प्राकृतिक सौन्दर्यले गर्दा विश्वमा चर्चित बन्यो, तर यहाँ अहिलेसम्म ठूलाठूला विकास निर्माणका काम हुन सकेका छैनन्, हामी निर्वाचित भएर आएपछि केही कामको थालनी गरेका छौँ, अहिले तत्कालका लागि उत्तरगङ्गामा पुल आवश्यक छ, नगरपालिकाको बजेटले भ्याउँदैन, केन्द्र र प्रदेश सरकारसँग सहकार्य गरेर बनाउने योजना छ", उहाँले भन्नुभयो, "पुल नबन्दा ढोरपाटन पुगेका हजारौँ पर्यटक वास्तविक ढोरपाटन देख्न र घुम्नबाट बञ्चित भएका छन्, अहिले त नदी बढेर माथिमाथि आएको छ, केही दिन अगाडि म ढोरपाटन पुगेको थिए, खोला तर्न सकिएन, अब हिउँद नलागेसम्म यस्तै हो ।" बुर्तिबाङ बजारदेखि बोबाङ गाउँसम्म सडक सहज भए पनि दुनेपँधेरा, फल्लेघर हुँदै ढोरपाटन पुग्न भने निकै अप्ठ्यारो छ । साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारी साधन ढोरपाटन पुग्न सक्दैनन् । यसबेला अधिकांश पर्यटक मोटरसाइकल र जीपमा यात्रा गर्ने गर्दछन् । पर्यटकले प्रयोग गर्ने सवारी साधन बीचबाटोमै बिग्रँने हुँदा उनीहरुसमेत अलपत्र पर्ने गरेको स्थानीय बुद्धिमान पुनले बताउनुभयो । वर्षाले सडकमा लेदोसहितको हिलो र ढुङ्गा थुपारेको हुँदा यात्रा गर्न निकै कठिन हुने पुन बताउनुहुन्छ ।


## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०४/०९, पोखरापत्र राष्ट्रिय दैनिक

तपसिल बमोजिमका तपाई ऋणीले यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१७ कास्कीबाट देहाय बमोजिम जग्गा धितो कर्जाको संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरिएको एवम् मिति २०७९/०८/२० गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा बुझाउने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो जरुरी सूचना प्रकाशित भएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन ऋणी, धन जमानी दिनुहुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

### तपसिल

| क्र.सं. | ऋणी सदस्यको तीन पुस्ते विवरण | धितो विवरण |
|---|---|---|
| १ | **ऋणीः धर्मदत्त पौडेल**<br>बाबुको नामः शोभाखर पौडेल<br>नागरिकता नं.: ३७२७७, पर्वत<br>बाजेको नामः हरिलाल पौडेल<br>ठेगानाः आर्थर डाँडाखर्क-७, पर्वत<br>हालः पोखरा-५, कास्की<br>**जमानी दिनेको विवरणः**<br>नामः सावित्री आचार्य पौडेल<br>पतिको नामः धर्मदत्त पौडेल<br>ससुराको नामः शोभाखर पौडेल<br>ठेगानाः पोखरा-५, कास्की | ऋणीको नाममा रहेको कास्की जिल्ला पोखरा-१६,<br>कित्ता नं.-२१,<br>क्षेत्रफल-४१४.५० वर्ग मिटरको जग्गा ।<br>**कर्जा विवरण**<br>सावाँः ३८,५०,०००/-<br>ब्याँजः १०,१२,८२०/-<br>विलम्वः २८,३९०/-<br>अन्यः २०,०००/-<br>**कुल रकमः** ४९,११,२१०/- |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ औं दिन अर्थात मिति २०८०/०५/१२ गते मंगलबार दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-१७, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१७, कास्की, फोन नं.: ०६१-४५३१८७